## मिति २०८१/०९/१८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत योजना/कार्यक्रम र बजेटमा रकमान्तर तथा श्रोतान्तरको लागि महाशाखा, शाखा तथा वडा कार्यालयहरुबाट पेश भए अनुसार स्वीकृतिका लागि नगर सभाको १६ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस कार्यालयको प.सं. २०७६/०७७ (क.प्र. शाखा), च.नं.३४८७, मिति २०७६/०९/२७ गतेको पत्रानुसार पदस्थापनाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (जनशक्ति योजना तथा विकास शाखा), सिंहदरबार, काठमाडौंमा पठाइएकोमा मन्त्रालयको पत्र संख्या २०७६/०७७, च.नं. ५५४, मिति २०७७/०१/२९ गतेको पत्रानुसार कामकाजका लागि दुल्लु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुल्लु, दैलेख, कर्णाली प्रदेशमा खटिनुभएका नेपाल ईन्जिनियर सेवा, सिभिल समूह, अधिकृतस्तर छैठौं तह, इन्जिनियर श्री शुसिला मिश्रले पदस्थापना लागि सहमति सम्बन्धमा निवेदन पेश गर्नुभएको हुँदा निजलाई कामकाज गरिरहेको कार्यालयमा पदस्थापनाका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगञ्ज उप-महानगरपालिकको स्वीकृत बार्षिक कार्यक्रम, संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा रु. १ करोड ६५ लाख बिनियोजन भएकोमा यस उप-महानगरपालिकाका ३ वटा विद्यालय छनौट भैसकेको र उक्त योजना कार्यान्वयन गर्नका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि (आर्थिक बर्ष २०८१/८२) को क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानको क्रियाकलाप र कार्यान्वयन प्रक्रिया अनुसार ४ कोठे भवन (शौचालय सहित) निर्माणका लागि लागत अनुमान तयार गर्दा आवश्यक पर्ने ड्रईङ्गमा श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट ३ तले विद्यालय भवनहरुको डिजाईन मात्र प्राप्त भएको र ४ कोठे भवन (शौचालय सहित) को ड्रईङ्ग डिजाईन प्राप्त नभएको हुदा उक्त ४ कोठे भवन (शौचालय सहित)को ड्रईङ्ग डिजाईन उपलब्ध गराइदिन हुनका लागि नेपालगञ्ज उप-महानगरपालिका शिक्षा महाशाखाबाट प.सं. ०८१।८२ च.नं. ३२९ मिति २०८१।०९।०१ गतेको पत्र मार्फत अनुरोध गरिएकोमा हाल सम्म जवाफ नआएको र फोन मार्फत सम्पर्क गर्दा पनि स्पष्ट जवाफ प्राप्त नहुदा उपलब्ध भएको DWG CODE: 3S6R-TERAI & VALLEY बमोजिम ३ तले ६ कोठे भवनको नक्सा बमोजिम लागत अनुमान तयार गर्दा पहिलो तला Floor Area:260.805sqm को संरचना निर्माण कार्य सम्पन्न गर्नका लागि रकम रु. १,२३,९८,५५०।०८ हुन आउने हुँदा बजेट व्यवस्थापन सहित आवश्यक निर्देशनका लागि शहरी विकास तथा पूर्वाधार महाशाखाबाट पेश भएको र नगर शिक्षा समितिको मिति २०८१।०८।०२ गते बसेको बैठकको निर्णय नं. १ बमोजिम छनौट भएका विद्यालय श्री फुल्टेक्रा मा.वि. को प.सं. २०८१।८२ च.नं. ५० मिति २०८१।०९।१७ को शौचालय आवश्यक

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख



क्रमशः

नभएकोले शौचालय बिनाको भवन निर्माण गर्ने व्यवस्था मिलाइदिनहुन बिषयक पत्र, विद्यालय ब्यवस्थापन समितिको निर्णयको प्रतिलिपि, श्री देउतादिन माध्यमिक विद्यालयको प.सं. २०८१।८२ च.नं. ३९९ मिति २०८१।०९।१७ को अनुरोध बिषयक पत्र, विद्यालय ब्यवस्थापन समितिको निर्णयको प्रतिलिपि, श्री जगत ज्योति माध्यमिक विद्यालयको प.सं. २०८१।०८२ च.नं. ४९ मिति २०८१।०९।१७ को अनुरोध बिषयक पत्र, विद्यालय ब्यवस्थापन समितिको निर्णयको प्रतिलिपि सहित शौचालय बिनाको भवन निर्माणको लागि अनुरोध भएको हुँदा गतका आ.व.मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा निर्मित भवनहरुमा प्रयोग भएको ड्रईङ्ग, डिजाइन बमोजिमको शौचालय बिनाको ४ कोठे भवनको लागत अनुमान तयार गरी भवन निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

श्री जिल्ला प्रशासन कार्यालय, बाँके, नेपालगञ्जको प.सं. ०८१/०८२(स्था.प्र), च.नं. २७५१, मिति २०८१/०९/०२ गतेको पत्रानुसार नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ११ मा हत्या भएका इरसाद अली राईको परिवारको आर्थिक अवस्था कमजोर भएकोले राहत/सहयोग उपलब्ध गराईदिनुहुन भनि अनुरोध भएकोमा सो परिवारलाई विद्युत्तिय अटो रिक्सा खरिदका लागि रु.१२५०००.००(एक लाख पच्चिस हजार मात्र) आ.व. २०८१/०८२ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वियन हुने कार्यक्रमबाट राहत/सहयोग स्वरुप अटो रिक्सा खरिद पश्चात सम्बन्धित कागजातहरु र विल भर्पाई बमोजिम सम्बन्धित फर्म तथा संस्थाका नाममा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत वडा नं. १४ को आर्थिक बर्ष २०८०/०८१ को असार २४ गतेसम्म सम्झौता अवधि भएका र समय अभाव भै आर्थिक वर्ष भित्र भुक्तानी हुन नसकेका दुई वटा पुँजिगत योजनाहरुको जम्मा रु.६५६०४४.२८ (छ लाख छपन्न हजार चवालीस रुपैया र अठ्ठाईस पैसा मात्र) भुक्तानी दिन बाँकिको विवरण तयार गरी नगरपालिकाको मौज्दात रकमबाट ७० (सत्तरी) प्रतिशत रकम र बाँकी ३० (तीस) प्रतिशत रकम सम्बन्धित वडा कार्यालयबाट व्यहोर्ने गरी सम्बन्धित खर्च केन्द्रबाटै भुक्तानी दिने गरी स्वीकृतिका लागि नगर सभाको १६ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नेपालगञ्ज उप-महानगरपालिकाको सरसफाई कार्यलाई प्रभावकारी बनाउन मूख्य सडक सरसफाईका लागि सेवा प्रदायक छनौट गरी सेवा लिईदै आईरहेकोमा हाल उक्त सेवा प्रदायकको अवधि समाप्त भै सकेको र उक्त कार्यको लागि सेवा प्रदायक छनौटका लागि आर्थिक वर्षमा आवश्यक पर्ने रकम विनियोजन गरी वहुवर्षिय ठेक्काको रुपमा लिई आगामी आ.व. को लागि आवश्यक पर्ने रकम सोही आ.व. मा विनियोजन गर्ने गरी १ (एक) वर्षको लागि ठेक्का सूचना प्रकाशन गर्न स्वीकृतिका लागि नगर सभाको १६ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

अम्बिबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

## मिति २०८१/०९/१८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. ७**

यस नेपालगञ्ज उप-महानगरपालिकाद्वारा आ.व.२०७९।८० मा यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं.२ हनुमानगढी मन्दिरमा अवस्थित बाल्दा तलाउमा १०८ फिट हनुमानको मुर्ति निर्माणको लागि Ripple Training and consulting services Pvt.Ltd द्वारा डिजाईन सहितको DPR पेश भएको सोहि DPR अनुसार २०७९/०९/१४ गतेको कार्यपालिकाको निर्णय नम्बर ५ बमोजिम बहुबर्षिय ठेक्काको रुपमा सुचना प्रकाशन भएको । ठेक्का नं. NSMC/NCB/W04/2079/80 Construction of 108 feet Hanuman Statue at Hanuman Gandhi, Nepalgunj -2, Banke योजनाको लागत अनुमान रकम कन्टिजेन्सी सहित ११करोड २८ लाख २७ हजार ६ सय ९५ रुपैया पैसा २९ रहेको र सो ठेक्का सम्झौता श्री जम्बुदीप कन्स्ट्रक्सन प्रा.ली., बसुन्धारा, काठमाण्डौं १० करोड ११ लाख ५२ हजार ४ सय ९४ रुपैयाँ पैसा २९ (कन्टिजेन्सी, फिजिकल कन्टिजेन्सी बाहेक) मा मिति २०७९।१२।०३ गते सम्झौता भएको र उक्त योजनाको सम्पन्न हुने अवधि २०८१।१२।०२ सम्म रहेको ।

उक्त योजनाको Borehole for Piling Itemलागत अनुमानमा छुटेको हुँदा सो Item समावेश सहितको Revised Estimate ११ करोड ६१ लाख ९० हजार ९ सय २५ रुपैया पैसा १४ (२.९८ प्रतिशत बढी) मिति २०८०/०१/१७ गते प्रमुख प्रशासकीय अधिकृतवाट नगर प्रमुखलाई जानकारी हुने गरी स्वीकृत गरिएको ।

हाल सम्म उक्त योजना सम्पुर्ण फाउन्डेसन र अपर प्लेटफर्म सम्मको कार्य सम्पन्न भएको अवस्थामा रहेको छ ।Upper Plate form सम्मको कार्य सम्पन्न पश्चात १०८ फिटे मुर्तिको कार्य सुरु हुनु पूर्व निर्माण व्यवसायी श्री जम्बुदीप कन्स्ट्रक्सन प्रा.ली.,बसुन्धारा, काठमाडौं को मिति २०८१/०२/१७ को पत्रानुसार मूर्तिकला सँग सम्बन्धित कार्य उक्त BOQ मा छुट्न गएकोले उक्त कार्यको विषयमा टुङ्गो लगाई आदेश गर्न अनुरोध भएको ।मुर्ति बनाउने काम कलाकारिता देखी Structure मा समेत संवेदनशिल रहेकोले र बढी विज्ञताको आवश्यकता हुने हुँदा उक्त कार्यको निर्माणको अनुगमन गर्ने र निर्माण व्यवसायीको पत्रानुसार छुटेको Item को विषयमा समेत अध्ययन गरी कार्यालयलाई सल्लाह प्रदान गर्ने गरी मिति २०८१/०३/२४ गते श्री Engineering And Educational Services Pvt.Ltd. , Lalitpur सँग सम्झौता भएको ।यसरी परामर्श दाता सँग सम्झौता भए पश्चात उक्त Item को विषयमा बाँकेको जिल्ला दररेट, भवन विभागको नर्मस, काठमाडौं जिल्लाको जिल्ला दररेट र अन्य थुप्रै नर्मस अध्ययन गर्दा पनि सो को रेट उपलब्ध हुन नसके पछि नेपालगञ्ज नगर कार्यपालिकाले मिति २०८१/०५/०९ गते कला सम्बन्धी ढाँचा तथा वनावट कार्य तथा मुर्तिको परिस्कार कार्यको लागि BOQ मा नभएको र जिल्ला दररेटमा समेत उल्लेख नभएको हुँदा उक्त कार्य सम्बन्धित कार्य गर्ने फर्म, ब्यात्ति सँग दररेट माग गर्ने र उक्त कार्य समावेश गरी पेश गर्ने परामर्शदातालाई जानकारी गराउने निर्णय भएको ।

मिति २०८१/०५/०९ को कार्यपालिकाको निर्णय पश्चात मिति २०८१/०५/०९ गते सोहि दिन सुपरिभिजन परामर्शदाता श्री Engineering And Educational Services Pvt.Ltd ,Lalitpur

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

## मिति २०८१/०९/१८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

लाई कलाकारिता सम्वन्धी कार्य गर्ने फर्म वा व्यक्ति सँग दररेट माग गरि Revised Estimate पेश गर्न भनि जानकारी गराईएको ।उक्त जानकारी अनुसार सुपरभिजन परामर्शदाताद्वारा मिति २०८१/०५/१४ गते तपसिल अनुसारको दररेट उपलब्ध गराएको ।

| सि.न. | कम्पनी/ फर्मको नाम | ईकाइ | दररेट प्रति रनिङ्ग फिट (भ्याट बाहेक),(ढलान कार्यको सामाग्री सिमेन्ट,सरिया, फर्मा र ज्याला बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | लालिगुराँस आर्टस् एण्ड कम्प्युटर सेवा ,नागढुङ्गा पोखरा । | प्रति फिट | ३,८४,२५९।२६ | |
| २. | एस ए एस फाइवर ओल्ड, पोखरा-१४ भवानी टोल,कास्की । | प्रति फिट | ३,९३,५१८।५२ | |
| ३. | नुनेम ह्याण्डिक्राफ्ट एल.पी.सुन्धारा,चपट टोल, काठमाण्डौं । | प्रति फिट | ३,९८,१४८।१५ | |
| ४. | श्रीअरनिको स्टोन कार्भिङ्ग लगनखेल, ललितपुर । | प्रति फिट | ३,९३,५१८।५२ | |
| ५. | श्रीरत्न वर्ड कर्भिङ्ग सेन्टर,ललितपुर । | प्रति फिट | ४,०५,५५५।५६ | |

यसरी परामर्शदाताबाट दररेट पेश भएपनि यस नेपालगञ्ज उप-महानगरपालिकामा मुर्तिकला वा कलाकारिता सम्बन्धी कार्य गर्ने प.सं.२०८१/०८२, च.नं. ६३५ मिति २०८१/०५/२० गतेको दिन श्री सेन्चुरी मुर्तिकला उद्योग, भेरीगंगा न.पा. -८ सुर्खेत, श्री नेपाल आर्टस् तालिम केन्द्र, पोखरा महानगरपालिका -०२ कास्की, श्री मुनाल आर्ट ग्यालरी, पोखरा महानगरपालिका - १३ कास्की, गरी तिन वटा फर्म सँग दररेट माग भई निज फर्मबाट तपसिल अनुसार दररेट उपलब्ध हुन आएको ।

| सि.न. | कम्पनी/ फर्मको नाम | ईकाइ | दररेट प्रति रनिङ्ग फिट (भ्याट बाहेक),(ढलान कार्यको सामाग्री सिमेन्ट,सरिया, फर्मा र ज्याला बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | श्री नेपाल आर्टस् तालिम केन्द्र, पोखरा महानगरपालिका -१३, कास्की । | प्रति फिट | ३,००,०००।०० | |
| २. | श्री मुनाल आर्ट ग्यालरी, पोखरा महानगरपालिका -१३, कास्की । | प्रति फिट | २,७५,०००।०० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

(४)

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

मिति २०८१/०९/१८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

| | | | | |
|---|---|---|---|---|
| ३. | श्री सेन्चुरी मुर्तिकला उद्योग, भेरीगंगा न.पा.-०८, सुर्खेत । | प्रति फिट | २,३५,०००।०० | |

यसरी विभिन्न मितिमा विभिन्न फर्मबाट कलाकारिता सम्बन्धी दररेट प्राप्त भए पश्चात २०८१/०५/२७ को कार्यपालिकाको बैठकवाट सबै भन्दा कम रकम पेश गर्ने श्री सेन्चुरी मुर्तिकला उद्योग, भेरीगंगा न.पा.-८ सुर्खेतको दररेट २,३५,०००।०० (अक्षररुपी दुई लाख पैंतिस हजार मात्र) प्रति रनिङ्ग फिट भ्याट बाहेक स्वीकृत गरी परामर्श दातालाई उपलब्ध गराई Revised Estimate र भेरिएसन प्रकृया अगाडि बढाउने निर्णय भएको ।

नेपालगञ्ज उप महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको निर्णयानुसार २०८१/०६/०२ गते श्री Engineering And Educational Services Pvt.Ltd ,Lalitpur लाई पत्राचार गरी स्वीकृत रेट अनुसार Revised Estimate गर्ने गरि पत्राचार भएकोमा निज परामर्शदाताले २०८१/०९/१६ गते Revised Estimate र सो को पुष्टयाई पेश गरेकोमा उक्त Revised Estimate अनुसार उक्त योजनाको सुरुको लागत अनुमान ११ करोड २८ लाख २७ लाख ६ सय ९५ रुपैया पैसा २९ मा २ करोड ८१ लाख ६९ हजार ९सय ८३ रुपैया पैसा ०४ (२४.९७ प्रतिशत) बढ्न गई संशोधित लागत अनुमान रकम रु. १४,०९,९७,६७८।३३ (अक्षररुपी चौध करोड नौ लाख सन्तानब्बे हजार छ सय अठहत्तर रुपैया पैसा तेतीस मात्र) हुन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (क) बमोजिम संशोधित लागत अनुमान स्वीकृत हुन र Contract Document को SCC46.2 बमोजिम तपसिल (क) मा उल्लेख भएका कार्य विवरण सहितको Revised Estimate स्वीकृत गरी प्रति ईकाइ दररेट निर्माण ब्यवसायी जम्बुदीप कन्स्ट्रक्सन प्रा.ली. बसुन्धारा, काठमाडौं सँग दररेट माग गरी पेश भएको दररेट उपर्युक्त देखीएमा सोहि दररेट स्वीकृत गरि, उपर्युक्त नदेखिएमा Rate Negotiation गरी भेरिएसन आदेश प्रकृया अगाडि बढाउने निर्णय गरियो ।साथै उक्त कार्यको निर्माण ब्यबसायीको माग तथा म्याद थपको पुष्टयाई बमोजिमको Revised work schedule का आधारमा निज निर्माण ब्यबसायीलाइ कार्य सम्पादन जमानत अबधि थप गर्न लगाई प्राप्त भै आएमा २०८३-०६ ३० सम्मका लागि म्याद थप गर्न तथा स्रोत सुनिश्चितताको हकमा बहुवर्षिय योजनाको रुपमा रहेककाले तपसिल (ख) बमोजिमको बिनियोजन गर्न स्वीकृतिका लागि नगर सभाको १६ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

तपसिल (क)

| सि.न. | कार्यको विवरण | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | labour charge for sculpture work including detailed modeling ,art finishing of the statue work ,includes shaping ,sculpture detailing and finishing to meet aesthetic | प्रतिरनिङ्ग फिट | | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

| | | | | |
|---|---|---|---|---|
| | and structural requirements excluding all material for sculping . (This item being measured separately and does not influence other item like concreting , reinforcement and formwork etc. | | १०८।०० | |
| २. | Water Proofing coating work with bonding chemicals over the whole body of the statue to Protect it from moisture | प्रतिवर्ग मिटर | १५२३।१३ | |
| ३. | Supply and Installation of Aluminum mesh over the reinforcement for creating bondage for skin casting | प्रतिवर्ग मिटर | ७९३।४२ | |

तपसिल (ख)

| सिन | कुल लागत अनुमान (संसोधन सहित ) | हाल सम्म भुक्तानी रकम | भुक्तानी हुन बाकी रकम | आ. बा ०८१-८२ मा विनियोजित बजेट | आगामी ८२/८३ मा बिनियोजन हुनु पर्ने बजेट | आगामी ८३/८४ मा बिनियोजन हुनु पर्ने बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १४,०९,९७,६७८।३३ | ८,८७,६२,०२३।०५ | ५,२२,३५,६५४।७७ | ३,००,००,०००।०० | १,७५,००,०००।०० | ४७,३५,६५४।७७ | |

निर्णय नं. ८

आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक क्रमागत योजना अन्तर्गत तपसिल योजनाको म्याद थपका लागि श्री ग्रेटर नेपाल कन्सट्रक्सन नेपालगञ्ज-१९ ले मिति २०८१/०८/०७ मा अप्रत्यासित वर्षा तथा मौसम परिवर्तन, स्थानीय तथा राष्ट्रिय चाडपर्व, मेला लगायत कृषि कार्यको लागि कामदार अभाव लगाएत कारण देखाई दोस्रो पटक म्याद थपको लागि निवेदन पेश गरेकोले देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्झौता अनुसार कार्यसम्पन्न हुनुपर्ने मिति | प्रथम पटक म्याद थप मिति | अन्तिम पटक म्याद थप मिति | पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मन्दिर जाने पुल निर्माण तथा स्तरोन्नती | NSMC/NCB/W05/079/080 | २०७९/१२/०२ | २०८०/१२/०१ | २०८१/०९/०१ | २०८१/१०/३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा २ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CamScanner